नेपाल सरकार
# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(.............................................शाखा)
सिंहदरवार, काठमाण्डौं

प.सं. : ०७३/०७४
च.नं. : ३६०

मिति : २०७४।०२।२२

## प्रेस विज्ञप्ती

आज मिति २०७४ साल जेष्ठ २२ गते यस मन्त्रालयबाट भए गरेका कामकारबाही तथा संविधान कार्यान्वयनको निमित्त बनाउनु पर्ने कानून निर्माणको अध्यावधिक स्थिति समेतको बारेमा जानकारी गराउने उद्देश्यले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पत्रकार भेटघाट कार्यक्रम आयोजना गरियो ।

माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय शंकर नायकज्यूको समुपस्थिति तथा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव श्री कमलशाली घिमिरेज्यूको अध्यक्षतामा सञ्चालन भएको कार्यक्रममा मन्त्रालयका सहसचिव एवं प्रवक्ता श्री डिल्लीराज घिमिरेले नेपालको संविधान कार्यान्वयन गर्नको लागि बनाउनु पर्ने कानून निर्माणको अध्यावधिक स्थिति तथा मन्त्रालयबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरूको बारेमा जानकारी गराउनुका साथै मन्त्रीज्यूले पदभार ग्रहण गरे पश्चात मन्त्रालयले सम्पादन गरेका महत्वपुर्ण कार्यहरुको बारेमा जानकारी गराउनु भयो ।

त्यसै गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिवज्यूबाट कर्मचारी समायोजन विधेयक, स्थानीय शासन सञ्चालन सम्बन्धी विधेयक, विदेशी लगानी सम्बन्धी विधेयक, अन्तर सरकारी वित्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक लगायतका महत्वपूर्ण विधेयकमा सहमति प्रदान गरिसकेको जानकारी गराउँदै उपरोक्त कानून निर्माणबाट संविधान तथा संघियता कार्यान्वयनमा सघाउ पुग्ने बताउनु भयो । श्रीमान सचिवज्यूले प्रतिनिधी सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन सम्बन्धी कानून निर्माणको कार्य समेत भइरहेकोले केही नीतिगत विषयमा टुङ्गो लाग्ने वित्तिकै विधेयकको मस्यौदामा मन्त्रालयबाट सहमति दिइने जानकारी गराउनु भयो ।

श्रीमान सचिवज्यूले कानून निर्माणको कार्यमा यस मन्त्रालयले मन्त्रालयबाट सम्पादन गर्नु पर्ने कामको अतिरिक्त मन्त्रिपरिषद्को विधेयक समिति तथा व्यवस्थापिका-संसदमा समेत सक्रिय रूपमा भुमिका खेल्दै आएको बताउँदै मन्त्रालयको कानून निर्माण लगायतका काममा कुशल नेतृत्व प्रदान गर्नु भएकोमा माननीय मन्त्रीज्यूप्रति आभार व्यक्त गर्नु भयो ।

पत्रकारसँगको भेटघाट कार्यक्रममा कानून निर्माण, संक्रमणकालिन न्याय लगायतका विभिन्न विषयको सम्बन्धमा सञ्चारकर्मीबाट राखिएका जिज्ञासको माननीय मन्त्रीज्यू र श्रीमान सचिवज्यूबाट सम्बोधन गरिएको थियो ।

माननीय मन्त्रीज्यूले आफूले जटिल अवस्थामा मन्त्रालयको जिम्मेवारी सम्हालेको भए तापनी संविधान कार्यान्वयनको लागि उच्च अदालतको स्थापना तथा राजनीतिक सहमति कायम गर्दै मुकाम

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४-२११६८४

नेपाल सरकार
# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(..............................शाखा)

प.सं. : ०७३।०७४
च.नं. : ३६०

सिंहदरवार, काठमाण्डौं

तोक्ने कार्य, न्याय प्रशासन सम्बन्धी कानूनको निर्माण, स्थानीय तहको निर्वाचन सम्पन्न गराउन कानूनको तर्जुमा तथा द्रुत रूपमा कानून निर्माणको लागि विभिन्न मन्त्रालयहरूबीच आवश्यक समन्वय तथा सहयोग समेतका काम सफल रूपमा सम्पन्न भएको बताउनु भयो ।

माननीय मन्त्रीज्यूले संविधान कार्यान्वयनमा आफू दृढ रहेको र भविष्यमा समेत आफू लागि पर्ने बताउँदै आफ्नो कार्यकालमा मन्त्रालय परिवार तथा सञ्चारकर्मीहरूबाट प्राप्त सहयोगको लागि प्रसन्नता व्यक्त गर्दै सबै प्रति धन्यवाद व्यक्त गर्नु भयो ।

अन्त्यमा कार्यक्रमको अध्यक्षता गर्नु भएका कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव श्री कमलशाली घिमिरेज्यूले आफ्नो कार्यकालमा संविधान कार्यान्वयनमा कुशलतापुर्वक नेतृत्वदायी भुमिका खेल्नु भएकोमा मन्त्रीज्यूप्रति आभार व्यक्त गर्दै कार्यक्रममा सहभागिताको लागि सञ्चारकर्मीहरूलाई धन्यवाद दिदै कार्यक्रम समापन भएको थियो ।

(डिल्लिराज घिमिरे)
प्रवक्ता तथा सहसचिव